झिमरुक गाउँपालिका

# झिमरुक राजपत्र

खण्डः६ संख्याः ६ मितिः २०८०/०६/२५

भाग २

झिमरुक गाउँपालिका


प्रस्तावित मिति २०८०/०६/२१

पारित मिति २०८०/०६/२५

## झिमरुक गाउँपालिकाको योजना अनुगमन मुल्याङकन कार्यविधि २०८०

### प्रस्तावना

नेपालको संबिधानको धारा ४४ को उपभोक्ताको हक अन्तर्गत उपधारा (१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय बस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ र उपधारा (२)गुणस्तरहिन बस्तु तथा सेवा बाट क्षति पुगेको ब्यक्तिलाइ कानुन बमोजिम क्षतिपुर्ति पाउने हक सम्बन्धी संबैधानिक प्रावधान छ साथै अनुसुची -८ बमोजिम स्थानीय स्तरका बिकास आयोजना / परियोजना तथा कार्यक्रमहरुको अनुगमनको जिम्मेवारी स्थानिय तहलाइ तोकिएको हुँदा सो संबैधानिक दायित्व कार्यन्वयनका लागि नेपाल सरकार मन्त्रीपरिषदबाट मिति २०७३/१०/१८ मा स्विकृत कार्य विस्तृतिकरण प्रतिबेदनको अधिनमा रही गाउँकार्यपालिकाको बैठकले योजना /आयोजना तथा कार्यक्रमको फितलो कार्यन्वयनका कारण समग्र मुलुकको बिकासले आशातित उपलब्धि हाँसिल गर्न नसकेको राष्ट्रब्यापी गुनासो बढिरहेको बर्तमान अबस्थामा यस झिमरुक गाउँपालिकाद्वारा सञ्चालित योजना /आयोजना तथा कार्यक्रमहरुलाइ अनुगमन तथा मुल्याङ्कनको माध्यमबाट पारदर्शि , दीगो र जनसहभागितामूलक बनाई सुशासन प्रर्बधन गर्दै नतिजामुखी बनाउन वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी झिमरुक गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/०६/२१ को बैठकले यो कार्यबिधि पारित गरेको छ।

### परिच्छेद -१

### प्रारम्भिक

**१ .संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम झिमरुक गाउँपालिकाको योजना अनुगमन मुल्याङकन कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिका बैठकले पारित गरेको मितिले १५ दिन भित्र तुरुन्त लागु भएको मनिने छ र यो कार्यविधि पारित हुनु भन्दा पहिले भएका काम कारबाही पनि यसै बमोजिम भए गरेका मानिने छ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(क)"कार्यबिधि" भन्नाले झिमरुक गाउँपालिकाको योजना /आयोजना तथा कार्यक्रमहरुको अनुगमन मुल्याङकन कार्यविधि २०८० लाई सम्झनु पर्छ।

(ख)"गाउँपालिका" भन्नाले झिमरुक गाउँपालिकको कार्यालय भ्यागुते प्यूठानलाई सम्झनु पर्छ।

(ग)"अनुगमन" भन्नाले योजना आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा साधनको प्रवाह समुचीत ढङ्गले भएको छ/छैन र कार्य तालिका अनुसार क्रियाकलापहरु कार्यन्वयन भइ अपेक्षित उपलब्धि हाँसिल भएको छ/छैन भनी गाँउकार्यपालिका , वडा समिति वा गाउँ कार्यपालिकाद्धारा निरन्तर वा आवधिक रुपमा निगरानी राख्ने कार्यलाइ सम्झनु पर्छ।

(घ) "मुल्याङ्कन" भन्नाले कार्यन्वयन गरिएका योजना ,आयोजना तथा कार्यक्रमहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायी र प्रभाबकारी छन तथा के कस्ता उपलब्धि एबं प्रभाबहरु हाँसिल भएका छन भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनु पर्छ।

(ङ)" अनुगमन मुल्याङ्कन समिति" भन्नाले दफा ३ उपदफा (१) बमोजिम गाउँपालिका स्तरको अनुगमन तथा मुल्याङ्कन समिति सम्झनु पर्दछ। सो शब्दले दफा ३ को उपदफा (२) बमोजिम गठित वडास्तरको अनुगमन तथा मुल्याङ्कन समिति समेतलाई जनाउँदछ।

## परिच्छेद -२

## अनुगमन तथाम मुल्याङ्कन समिति

**३.अनुगमन तथा मुल्याङ्कन समितिः** (१) गाउपालिकामा सञ्चालित योजना /आयोजना तथा कार्यक्रमहरुलाई नतिजामुखि बनाउन गाउँपालिकास्तरमा गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरु रहेको एक अनुगमन तथा मुल्याङ्कन समिति रहनेछः

(क) गाउँपालिकाको उपाध्यक्षः संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

(ग)गाउँ कार्यपालिकाका सदस्य तथा वडा अध्यक्षहरुमध्ये कम्तिमा एकजना महिला पर्ने गरी अध्यक्षले मनोनित गरेको दुइजना : सदस्य (यसरी कार्यपालिकाको सदस्य मनोनयन गर्दा पालो मिलाइ फरक फरक वडा अध्यक्ष तथा कार्यपालिका सदस्यलाइ समितिको सदस्य मनोनयन गर्नु पर्दछ।

(घ) पूर्वाधार बिकास तथा भबन नियमन शाखा प्रमुख वा निजले तोकेको प्राबिधिक कर्मचारी : सदस्य

(ङ) योजना अनुगमन तथा मुल्याङ्कन शाखा प्रमुख : सदस्य सचिव

तर उक्त समितिका सदस्यका अतिरिक्त गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले तोकेको शाखाको अन्य कर्मचारी ¸संबन्धित वडाको वडा अध्यक्ष ¸संबन्धित प्राबिधिक र अन्य बिषय बिज्ञलाइ अनुगमन मुल्याङकनमा जान बाधापुगेको मानिने छैन।

(२)वडामा सञ्चालित योजना /आयोजना तथा कार्यक्रमलाई प्रभाबकारी ढङ्गले सञ्चालन तथा कार्यन्वयन गर्न वडा अध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरु रहेको एक अनुगमन तथा मुल्याङ्कन समिति रहनेछ।

(क) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य : संयोजक

(ख) वडा समितिले मनोनयन गरेको दुई जना वडा सदस्यः सदस्य (यसरी वडा समितिले सदस्य मनोनित गर्दा पालोमिलाई फरक फरक वडा सदस्य र संबन्धित वडामा स्थायी बसोबास गर्ने कार्यपालिका सदस्य समेत समितिको सदस्य मनोनित गर्नु पर्दछ।

(ग) वडा सचिबः सदस्य

तर उक्त समितिका अतिरिक्त वडा प्राबिधिकलाई आमन्त्रित गरी अनुगमन तथा मुल्याङ्कनमा लैजान बाधापुगेको मानिने छैन ।

## ४. अनुगमन तथा मुल्याङ्कन समितिको काम, कर्तब्य, र अधिकार :

(१) दफा ३को उपदफा (१) बमोजिम गठित गाउँपालिकास्तरको अनुगमन तथा मुल्याङकन समितिको काम 'कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकामा सञ्चालित रु.१५००००।(एकलाख पचासहजार ) वा सो भन्दा माथिका योजना¸ आयोजना तथा कार्यक्रमको नियमित तथा आबधिक अनुगमन तथा मुल्याङकन गर्ने।

(ख)योजना/ ¸आयोजना तथा कार्यक्रमको सञ्चालनको क्रममा गाउँ सभा तथा गाउँ कार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यन्वयन गर्ने गराउने।

(ग) योजना,/ आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममाउत्पन्न भएका बिवादहरु गा.पा. अध्यक्ष संग परामर्श गरी उचित ढङ्गले ब्यबस्थापन गर्ने।

(घ) अनुगमन तथा मुल्याङकनको प्रतिबेदन अनुगमन समितिको तर्फ बाट तयार गरि अनुगमन समितिका संयोजकले गाउँपालिका अध्यक्षलाई जानकारी गराई कार्यपालिका बैठक समक्ष पेश गर्ने।

(ङ) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको अनुगमन गरी त्यसमा भए गरेका ब्यहोरा उल्लेख गरी सुझाव भए सुझाव दिने सच्चाउन लगाउने र त्यसको उत्तरदायित्व र जिम्बेवारी अनुगमन समितिको संयोजकले बहन गर्ने।

(च) गाउँ सभा वा गाउँ कार्यपालिका तथा गाउँपालिका अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने ।

(छ) बिवादित आयोजनाहरुको हकमा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले अनुगमन गरेपछि टुङ्गो लगाउने ।

(२) दफा ३ को उपदफा (२) बमोजिम गठित वडास्तरको अनुगमन तथा मुल्याङ्कन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क)वडामा सञ्चालित रु.१५० ०००।– (एकलाख पचासहजार) सम्मका योजना तथा कार्यक्रमहरुको नियमित तथा आबधिक अनुगमन तथा मुल्याङकन गर्ने ।

(ख)वडा अनुगमन समितिले सञ्चालित योजना ⁄आयोजना तथा कार्यक्रम तोकियको लागत , गुणस्तर र समयमा सम्पन्न भएको भए वडा कार्यलयबाट बिलभरपाइ र आवश्यक कागजात भुक्तानिको लागि टिप्पणी उठाई सिफारिस साथ गाउँपालिकामा भुक्तानिको लागि पठाउनु पर्नेछ।

(ग) वडा योजना अनुगमन तथा मुल्याङकन समितिले अनुगमन तथा मुल्याङकन गरेको योजनाको पूर्ण रुपमा जिम्मेवारि र जबाफदेहिता लिनु पर्नेछ।

(घ)योजना ,आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा गाउँ सभा गाउँकार्यपालिका तथा वडा समितिबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

(ङ) योजना आयोजना तथा कार्यक्रमको सञ्चालनको क्रममा उत्पन्न भएका बिबादहरु उचित ढङ्गले ब्यबस्थापन गर्ने ।

(च) अनुगमन तथा मुल्याङ्कनको प्रतिबेदन वडा समिति र गाउँ कार्यपालिका समक्ष पेश गर्ने।

(छ) गाउँ सभा , गाउँ कार्यपालिका तथा वडा समितिले तोकेका अन्य कार्यहरु गर्ने।

(ज) उपदफा २ बमोजिम गठित योजना अनुगमन समितिले अनुगमन तथा मुल्याङ्कन गरेको योजनामा आवश्यकता देखिएमा उपदफा (१) बमोजिम गठित गाउँपालिका स्तरिय अनुगमन समितबाट अनुगमन गर्न बाधापुगेको मानिने छैन।

## परिच्छेद- ३

## अनुगमन तथा मुल्याङ्कन सुबिधा

### ५. अनुगमन तथा मुल्याङ्कन सुबिधा :

(१) दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन तथा मुल्याङकन समितिको पदाधिकारी तथा कर्मचारिहरुले देहायको दरमा अनुगमन तथा मुल्याङ्कन सुबिधा प्राप्त गर्ने छन।

(क) दैनिक भत्ता प्रतिदिन १०००।००

(ख) खाना ⁄खाजा खर्च प्रतिदिन प्रतिब्यक्ति रु. ३००। तिन सय रुपैयाँ उपलब्ध गराइनेछ ।

तर यस्तो अनुगमन तथा मुल्याङकन सुबिधा आवश्यकता अनुसार हुनेछ र अनुगमन कार्यकोलागि यातायात ब्यवस्था गाउँपालिकाले गर्नुपर्नेछ।

**२. दफा** ३ को उपदफा (२) बमोजिमको अनुगमन तथा मुल्याङकन समितिको पदाधिकारी तथा कर्मचारीहरुले देहायको दरमा अनुगमन तथा मुल्याङकन सुबिधा प्राप्त गर्ने छन ।

(क) दैनिक भत्ता प्रतिदिन रु१०००।

तर यस्तो सुबिधा प्राप्त गर्नको लागी कम्तिमा एकदिनमा ३ वटा योजना /आयोजना अनुगमन गरेको हुनुपर्नेछ।

(३) गाउँपालिकाको अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृतले तोकेको शाखाको अन्य कर्मचारी अनुगमन तथा मुल्याङ्कनमा जाँदा उपदफा ५ (१) बमोजिमको सुबिधा प्राप्त गर्नेछ

## परिच्छेद -४

## अनुगमन तथा मुल्याङ्कन प्रतिबेदन

**६. अनुगमन तथा मुल्याङ्कन प्रतिबेदनः**

**(**१) दफा ३ को उपदफा (१) बमोजिम गठित अनुगमन तथा मुल्याङ्कन समितिले अनुसुची १बमोजिमको ढाँचामा संयोजकले अनुगमन तथा मुल्याङ्कन प्रतिबेदन पेश गर्नु पर्नेछ।

**(**२) दफा ३ को उपदफा (२) बमोजिम गठित अनुगमन तथा मुल्याङ्कन समितिले अनुसुची २ बमोजिमको ढाँचामा संयोजकले अनुगमन तथा मुल्याङ्कन प्रतिबेदन पेश गर्नु पर्नेछ।

**७. प्रतिबेदन पेशगर्ने अबधिः** (१) दफा ३ को उपदफा (१) बमोजिमको समितिले दफा (६) अनुगमन तथा मुल्याङकन गरेको प्रतिबेदन समितिको संयोजकले अनुगमन गरेपछीको पहिलो कार्यपालिका बैठक समक्ष पेश गर्नेछ।

(२ ) दफा ३ उपदफा (२) बमोजिमको समितिले दफा ६ बमोजिमको प्रतिबेदन अनुगमन तथा मुल्याङ्कन गरेको महिनाको वडा समिति बैठक समक्ष पेश गर्नेछ।

## परिच्छेद- ५

## बिबिध

**८.बाधा अडकाउ फुकाउने अधिकार :** यस कार्यबिधिको कार्यन्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँपालिकास्तरको समितिको सिफारिसमा गाउँकार्यपालिकाले आवश्यक निर्णय गर्नेछ।

यो कार्यबिधि पारित हुनु भन्दा पहिले भएका काम कारबाहीहरु पनि यसै बमोजिम भए गरेको मानिने छ।

**९. शंसोधन**ः यस कार्यबिधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही गाउ कार्यपालिकाको हुनेछ।

अनुसुची -१

दफा ६ संग संग सम्बन्धित

## गाउँपालिका स्तरिय योजना अनुगमन तथा मुल्याङकन प्रतिवेदन

योजनाको नाम :- अनुगमन मिति :-

योजनाको कुल लागत रकमः-

आ.व.

योजना कार्यान्वयन स्थल ः-झिमरुक गा.पा वडा नं.:-

अन’गमन समिति

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | संयोजक | |
| २ | | सदस्य | |
| ३ | | सदस्य | |
| ४ | | सदस्य | |
| ५ | | | |
| ६ | | योजना अनुगमन तथ्याङ्क शाखा | |

| आमन्त्रित बिषय बिज्ञ तथा अन्य | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

उपभोक्ता समितिको

| क.स. | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

अनुगमनका क्रममा देखिएका मुख्य व्यहोरा-

१- योजना, आयोजना तथा कार्यक्रमको अबस्था-

२-कार्यसंम्पन्न प्रतिबेदन अनुसार काम भएको / नभएको-

३-लाभग्राही वा स्थानीय नागरिक को सुझाब वा गुनासो-

योजना अनुगमन समित संयोजक -

अनुसुचि -२

दफा ६ संग सम्बन्धित

## वडास्तरीय योजना अनुगमन समितिको प्रतिवेदन

झिमरुक गाउँपालिकाको गाउँसभाले पारित गरेको यस वडा अन्तर्गत संचालन भएका तपसिल बमोजिमको योजनापरियोजना/ संचालन पश्चात फरफारक पूर्व वडास्तरीय अनुगमन टोलीले योजनाको अनुगमन गरी पेश गरेको अनगमन प्रतिवेदन।

योजनापरियोजना/ नं.      योजनापरियोजना/ संचालन भएको वडा नं:

अनुगमन भएको मिति:      अनुगमन गरेको निकायः वडास्तरीय अनुगमन समिति

योजनापरियोजना/को नाम:      विनियोजित रकम:

**अनुगमन समितिका पदाधिकारीहरुको नामावली:**

| क्रस. | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | संयोजक | | |
| २ | | सदस्य | | |
| ३ | | सदस्य | | |
| ४ | | | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | | | | |

**अनुगमनबाट देखिएको व्यहोरा:**

| क्र.स. | व्यहोरा | भएको मुख्य कार्य | नभएको | कैफियत |
|---|---|---|---|---|
| १. | स्वीकृत लागत अनुमान बमोजिमको कार्य | | | |
| २. | उपभोक्ता समितिको तर्फबाट जनश्रमदान | | | |
| ३. | सार्वजनिक परीक्षण कार्य | | | |
| ४. | | | | |

**उपभोक्ता समितिलाई निर्देशन:**

**१.**

**२.**

**३.**

**४.**

**अनुगमन समितिको निष्कर्ष:**

अनुगमन समितिद्वारा यस योजनापरियोजना/को अनुगमन गर्दा लागत अनुमान बमोजिमको कार्य सम्पन्न भईसकेकोनभएको/, उपभोक्ता समितिको तर्फबाट जनश्रमदान उत्कृष्ट भएकोनभएको तथा नियमान/ुसार सार्वजनिक परीक्षण समेत भइसकेको नभएको पाईएकोले/योजनापरियोजना/ फरफारकका लागि गाउँपालिकालाई सिफारिस गर्नेनगर्ने निर्णय गरियो ।/

**कैफियत:**

आज्ञाले

पवन कुमार शाही

(प्रमुख प्रशासकीय अधिकृत)